# चितवनमा Cybercity : यथार्थ की परिकल्पना ?

सुचना तथा प्रविधिको विकाशसँगै चितवनपनि अगाडी बढ्नु चितवनवासीको लागी मात्र नभएर सिङ्गै देशकैलागी गौरवको विषय हो । तर याहाँपनि Cyber, Computer तथा IT को नाममा बिकृतिहरु देखा पर्दा हामी कलम चलाउन बाध्य भएका छौ । हामी अर्थात ती युवाहरु जो बास्तवमै केहि सिक्न चहान्छौं, केहि गर्न चहान्छौं ।

केही समय अगाडी केहि Computer Professional हरुलाई जम्मा गरियो । केही समयको परिचय कार्यक्रम अनि चियापान पछि फेरी छलफल सुरु भयो र कार्यक्रमको समापनमा हतारिदै निर्णय सुनाइयो "**ल जा चितवनलाई Cyber City बनाईदिने**" अवश्यनै खुशीको कुरा हो यो तर ... । हुनत मलाई राम्रोसँग थाहा छैन Cyber City बन्नको लागी अवश्यक तत्वहरु के के हुन् तर बिश्वस्त छु यसरी चाँहि पक्कै पनि बन्दैन । कहीँ चितवन कुनै विषेश वर्गको स्वार्थको लागी त Cyber City बन्न लागेको हैन ? Cyber City बनाउने हैन यो त बन्नुपर्छ । यसका लागी युवा वर्गहरुमा चेताना फैलाउन मद्दत पुऱ्उनुहोस् , सुचना तथा चेतानमुलक कार्याक्रमहरु ल्याउनुहोस् , Cyber City बन्नकालागी आश्यक पर्ने पुर्वाधारहरु तयार पार्नुहोस् एउटा आदर्श Cyber City को निर्माणको लागी । त्यसपछि बल्ल तपाईहरुको घोषणा ताली पड्कनेछ ।

हाल सालै चितवनमा Gold Quest को पनि अति नै नाम चल्न थालेको छ । हाम्रो आजको बिषय Gold Quest पक्कै पनि होइन तसर्थ Gold Quest राम्रो कि नराम्रो भन्ने बिषयमा हामी आज याहाँ हामी चर्चा पनि गर्दैनौं तर एउटा अनुरोध छ "Gold Quest" लाई E-commerce संग नजोडनु होला । URL को माध्यमबाट गरिने सबै कारोबार E-commerce हुंदैन भन्ने कुरा तँपाईहरुले बुभ्दिनु पर्यो ।

एउटा सेमिनार भयो चितवनमा । बिषय थियो "web site मा e-commerce को भूमिका" । म सबै काम छोडेर सेमिनारमा पुगें । ५ मिनेट Internet ले कसरी काम गर्छ भनेर बुझएपछि सुरु भयो Gold Quest को गुनगान । यहि विषयलाई लिएर मेरो एक जना स्कुलमा पढाउनुहुने शिक्षकसँग २ घण्टा चानचुन वादबिवाद भयो । अन्तमा वादबिवादको टुङ्गो नलागेपछि वहाँले झर्को मानेर भन्नुभयो "कस्तो कुरा नबुझ्नु भको सन्तोष जी यो त network business हो । तपाँईहरु जस्तो ब्यक्तिको लागी त यो झनै आवश्यक छ ।" मैले जवाफ दिन खोंजे तर वास्तवमा अब म सँग बोल्न र भन्नको लागी केही बाँकी थिएन । यस्तै हो ....... ॥ Gold Quest लाई सुरु देखिनै Internet तथा e-commerce सँग जोडिएको देखिरहेका छौ हामी । सावधान! यसलाई हामी दुश्साहस मान्छौ ।

अव लागौं आजको मुख्य बिषय तिर । आज FM मा सुनिने हरेक तेस्रो बिज्ञापन कुनै Computer Institute को रहरलाग्दो बिज्ञापन हुनुले पनि चितवन बर्तमान स्थितिमा सुधार भएको प्रस्ट्याउछ । एक से एक Computer Institute हरुको Branch चितवनमा खुलिसकेका छन् । कोही World को no. 1 त कोही Asia को no. 1 कोही Microsoft Certified त कोही ISO 9001 । एक पटक सोच्नुहोस् त तपाँईहरुले Brand Name को लागी मोटो रकम खर्च गर्नु भएर के पाउनुहुन्छ? १/२ जना Computer Instructor, चिल्लो बिदेशी certificate अनि बिज्ञापन मार्फत Brand Name बेच्ने मौका । विश्वभरि कुन्नि कति वटा हो देशमा, कुन्नि कति वटा Branch हरु भएको तपाईहरुले चितवनमा १/२ वटा Computer Instructor को भरमा आफ्नो अस्तित्वको लागी संघर्ष गरिरहनु परेको स्थितिमा माथि तपाँईहरुले देखाउनु भएको अफ्नो Position हास्यासपद लाग्छ मलाई । World कै top/top Computer Institute हरु FM मा साङ्गितीक programme चलाएर बस्नुले पनि चितवनको स्थितिलाई प्रस्टाउछ । यदि तपाँईहरु साँच्चैनै चितवनलाई केहि दिन चहानुहुन्छ भने Computer सम्वन्धि programme चलाउने हिम्मत गर्नुहोस् । हामी स्वागत गर्छौं तपाँईहरुको सो कदमको । हामीले देखी रहेका छौ तपाईहरुको course upgrade हुन्छ Instructor हैन, तपाँईहरुको scheme change हुन्छ quality हैन । महिनै पिच्छे change हुने तपाँईहरुको scheme र heavy discount हरु बल्छिमा राखिएको चारोझैं भान हुन थालेको छ हामीलाई । माफ गर्नुहोला भाषा अलि कडा भयो तर कति माछाहरु त विना चारोनै बल्छीमा परिरहेका छन् ।

अहिले अर्को एउटा जनता झुक्काउने विषय बनेको छ "Computer Engineering" SLC fail हुनुभयो ? पिर नगर्नुहोस् । एउटा मोटो रकम खर्च गर्नुहोस् अनी Computer Engineering झुण्डेको कुनै डेढ दुई बर्षे कोर्ष गर्नुहोस् । सत-प्रतिशत सफलताको ग्यारेन्टि मै दिन्छु । अरु केहि नपाएपनि एउटा चिल्लो certificate अवश्यनै पाईन्छ । कुनै बेला हामीले आदर गरेर लिने गरेको Engineering शब्द, हरेक अभिभावकहरुले आफ्ना सन्तानहरुबाट आशा राख्नुहुने शब्द आज साह्रै सस्तो भैसकेको छ । अब कमसेकम मलाई चाहिँ Engineering शब्द ठूलो लाग्न छोड्यो ।

मेरो एकजना साथीले मलाई उसको Computer मा Windows install गरिदिन अनुरोध गर्नुभइएको थियो । मैले गरिदिँए र कुरै कुरामा थाहा पाँए वाँहाले पनि Computer Engineering भनाउदो कुनै २ वर्षे course गर्दै हुनुहुँदो रहेछ । अन्तिम ३ महिना बाँकी छ रे course पुरा हुन । Windows Installation वहाँहरुको course of study मा पर्दैन रे । Visual Basic, C++, .net के के हो के के मात्रै रे । अनि मैले सोझै वहाँको आखाँमा हेरेर सोधें "साँच्चै हो?" वाहाँ मुसुक्क हाँस्नु भयो । मैले जवाफ पाँए । राती घरमा गएर सोंचे । एउटै प्रश्न मनमा

उब्जियो "कमजोरी मेरो साथीको हो की Institute को ?" जवाफ पाईन अनि सुतें । कुरा यही एउटा Institute को मात्रै हैन । सबैको एउटै हालत छ । मेरो लेख चित्त नबुझे सम्पर्क राख्नुहोला अर्को लेख २/४ वटा उदाहरण सहित तयार पार्नेछु ।

हो हामी मान्छौं Computer Institute तपाँईहरुको ब्यवसाय हो । बिज्ञापन नै सबैभन्दा सशक्त माध्याम हो तपाँईहरुले हामीलाई फसाउने । माफ गर्नुहोला अकर्षित गर्ने । क्षमा गर्नुहोला मथिल्लो paragraph मा चर्चा गरिएको साथीले "मलाई फसायो" भन्ने शब्द प्रयोग गरेको भएर फुत्किन गयो । उसको आर्थिक अवस्था त्याति नराम्रो थिएन, खासै केही फरक परेन । यदि साँच्चैनै कुनै गरिव ब्यक्तिको रोजगारी तथा राम्रो भविष्यको लोभमा यस्तो हालत हुँदो हो त के हुन्थ्यो ? मानवताको नाताले पनि तँपाईहरुले आफ्नो बिहारी पाराको प्रचार प्रसारमा शिथिलता ल्याउनुपर्ने देखिन्छ । कमसेकम रोजगारीको लोभ त देखाउदै नदेखाउनुहोस् । World Class Course गरेर कुनै गरिवले रोजगारी पाउनु भनेको SLC मा कुनै गाँउको स्कुलले बोर्ड ल्याउनु जस्तै हो । बामे सर्नेहरुको म्यराथुन दौड गराएर उपहासको पात्र बन्दैहुनुहुन्छ तपाँईहरु । यदि तपाईहरु चितवनको लागी केही गर्नै चहानुहुन्छ भने एउटा यस्तो course design गर्नुहोस् जो बास्तवमै चितवनको लागी suitable होस् । जुन course गरेपछि तपाँईको student ले computer को सानो भन्दा सानो समस्याको लागी अरुको मुख ताक्न नपरोस् । बस्तवमा भन्ने हो Computer Institute ले सिकाउने हैन, बाटो देखाउने हो । Self Study गर्न सक्ने वातावरण तैयार पारिदिनुहोस् । किताबहरु उपलब्ध गराईदिनु होस् । Operating System ले कसरी काम गर्छ भन्ने कुरामा सक्दो बढी ज्ञान दिनुहोस् । Application तथा Network Comunication को बृहत ज्ञान दिनुहोस् । यी आधारभुत कुराहरु थाह भएपछि बल्ल तपाईको Student हरुमा Computer प्रति कौतुहल्ताको विकाश हुन्छ । अनि शुरु गर्नुहोस् तपाईहरुको World Class Course । कुनै Local Institute मा साढे २ महिनाको Basic Course अन्तर्रगत एक महिनाको Typing Tutor, १ महिना copy con र F6 अनि अन्तिम १५ दिन MS-Word सिकेर आएका बिधार्थीलाई .net professinal बनाउने तँपाईहरुको सपना र student हरुको मृगतृष्ण पुरा हुन अमुल परिवर्तनको अवाश्यकता देखिन्छ ।

यसरी तँपाईहरुले समाजलाई Computer प्रति सजग बनाउने पर्ने देखिन्छ । अनि बल्ल विकाश हुनेछ Chitwan Cyber City को रुपमा । यहि लेख मार्फत म अनुरोध गर्छु तपाईहरुलाई meeting hall भन्दा बाहिर पनि सजगता देखाउन र Cyber Chitwan को लागी उत्कृष्ट नेतृत्व दिन । ध्यान रहोस् "उत्कृष्ट नेतृत्व" । त्यस्तो ब्यक्तिको नेतृत्व जसले लामो समयदेखी Computer क्षेत्रमा मैदान उत्रेर काम गरिरहनु भएको छ । जसलाई हामी खुशी खुशी आफ्नो आदर्श बनाउन पाँउ ।

Computer सिक्न उत्सुक साथीहरुलाई यहाँनेर म आफ्नो तर्फबाट के थप्न चाहन्छु भने Computer जान्नको लागी सिक्ने, सिकाउने तथा Brand

name/Discount भन्दा उत्सुक्ताको बिकाश हुनु जरुरी छ । बिश्वास गर्नुस् यदि तँपाईले आफुमा उत्सुक्ता पैदा गर्न सक्नु हुन्छ भने तँपाईलाई लक्ष्य प्राप्त गर्न गाह्रो हुंदैन । Computer Institute भनेको तँपाईहरुको पथ प्रदर्शक अर्थात guide मात्र हुन् । Computer Institute ले तँपाईहरुलाई Computer सिकाउने हैन । Computer Institute मा गएर तँपाईहरुले Computer सिक्ने हो । यदि तँपाई साँच्चै नै भित्रै देखि Computer सिक्ने इच्छा राख्नु हुन्न मात्र रहर गर्नु हुन्छ अथवा Computer सिक्दैछु भन्नको लागी Institute join गर्दै हुनुहुन्छ भने फेरी एक पल्ट सोच्नुहोस् । कहिं तँपाईको Computer सिक्ने इच्छा फेरी अर्को एउटा व्यक्तिको time pass त साबित हुने हैन ?

Santosh Joshi (Babali)
vasmasur@hotmail.com (Catch me online)
Published in "Chitwan Post"